आर्थिक वर्ष २०७८-७९ मा स्वास्थ्य कार्यालय बागलुङबाट सम्पन्न कार्यक्रमहरुको

# वार्षिक प्रगति प्रतिवेदन

## (Annual Progress Report)

### (आर्थिक वर्ष २०७८/०७९)




फोन नं: ०६८-५२२४०८

ईमेल: baglungdho@gmail.com

वेब साइट: hobaglung.gandaki.gov.np

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय बागलुङ

प्रकाशकः स्वास्थ्य कार्यालय बागलुङ
प्रकाशन बर्षः २०७९
आवरण सज्जाः प्रविण शर्मा
सम्पादन समूहः प्रविण शर्मा
सुरेन्द्रजंग राजभण्डारी
घनश्याम सापकोटा
देव प्रकाश घिमिरे
लक्ष्मी शर्मा
डिल्लीप्रसाद आचार्य
सिमा कुँवर
सुरेश शर्मा
राजु खत्री
कमला थापा
मुद्रणः

# बागलुङ जिल्लाको नक्सा



गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय बागलुङ



## कार्यालय प्रमुखको सन्देश

हरेक नागरिकलाई नेपालको संबिधानले मौलिक हकको रुपमा स्थापित गरेको आधारभूत स्वास्थ्य सेवा देशका जनताले हरेक तहमा प्रत्यक्ष अनुभूति गर्ने गरि गुणस्तरीय स्वास्थ्य सेवा, सबैको पहुँच हुनेगरी पुर्याउनु राज्यको महत्वपूर्ण जिम्मेवारी हरेक क्षण रहन्छ। आधारभूत स्वास्थ्य सेवा मार्फत जनस्वास्थ्यमा सुधार ल्याउनु र आधुनिक चिकित्सा पद्धतीका सुविधाहरू नागरिकलाई प्रदान गर्नु नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिको प्रमुख उद्देश्य रहेको छ। जनस्वास्थ्यका कार्ययोजना र तिनको प्रभावकारी कार्यान्वयनबाट शिशु एवं बाल मृत्युदर, मातृ मृत्युदर तथा कूल प्रजनन दर घटाई नेपालीको औषत आयु वृद्धि गर्नु जस्ता लक्ष्यहरू राष्ट्रिय स्वास्थ्य नीति अन्तर्गत समेटिएका छन् । स्थानीय सरकारको मातहतका स्वास्थ्य संस्थाले प्रतिकारात्मक, प्रवर्धनात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिरहेकोमा जिल्लामा सञ्चालन भएका स्वास्थ्यका गतिविधिहरू झल्कने गरी स्वास्थ्य कार्यालय बागलुङको तर्फबाट आ.व. ०७८।०७९ को जिल्ला स्वास्थ्य प्रतिवेदन प्रकाशित गरिएको छ । यो प्रतिवेदन स्वास्थ्य क्षेत्रका विभिन्न निकायमा कार्यरत व्यक्ति, संघ-संस्थाका लागि उपयोगी हुन सक्ने आशा गरिएको छ । हरेक कार्यक्रमलाई प्रभावकारी तवरले सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्न योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्यांकन जस्ता कार्यहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्वास्थ्य सेवाका हरेक तहमा उक्त कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि सूचना प्रणालीलाई व्यवस्थित गरी निरन्तर अनुगमन गर्न आवश्यक हुन्छ । जन सरोकारको प्रत्यक्ष चासो रहने स्वास्थ्य सेवा प्रणालीको हरेक तहमा योजना अनुगमन तथा मूल्यांकन अपरिहार्य विषय बनेको छ । जिल्ला तथा स्थानीयस्तरमा आफूले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको योजना छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न स्वास्थ्य संस्थाहरूलाई नै सक्षम तुल्याउनु विकेन्द्रीकरणको आधारभूत सिद्धान्त हो । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति तथा स्थानीय सरकारका ऐन कानून स्थानीय उपभोक्ता स्वयंलाई स्वास्थ्य सेवाको सञ्चालन तथा व्यवस्थापन कार्यमा सहभागी गराई सेवाको पहुँच जनस्तरसम्म पु-याउने

व्यवस्था गरेको सन्दर्भमा विद्यमान स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य कार्यालयले जिल्लाको भौगोलिक विषमता बावजुद नियमित रूपमा प्राप्त सूचनाको विश्लेषण गरी तदनुरूप कार्यक्रमहरू कार्यान्वयन हुनु यस प्रतिवेदनले औंल्याएका महत्वपूर्ण विषयवस्तुहरू हुन्। यस जिल्लामा आ.व. २०७८।०७९ मा स्वास्थ्य कार्यालयबाट सञ्चालित कार्यक्रममा आवश्यक निर्देशन सुझाव तथा सहयोग उपलब्ध गराई महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौ । त्यसैगरी कार्यक्रम सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण स्थानीय तह, जिल्लाका प्राविधिक, आर्थिक एवं प्रशासनीक क्षेत्रका सम्पूर्ण कर्मचारीहरू, स्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य शाखा र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविका दिदीबहिनी लगायत सबै सहयोगी संघसंस्थालाई कार्यक्रम सञ्चालनमा गर्नुभएको योगदानको लागि हार्दिक धन्यवाद दिन चाहन्छौ । अन्तमा, आगामी दिनमा स्थानीय सरकार, गण्डकी प्रदेश सरकार र नेपाल सरकार अन्तर्गत विभिन्न निकायहरूबीच समन्वय र सहकार्य गर्दै जिल्लाको स्वास्थ्य अबस्थालाई सुदृढ गर्दै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने वातावरण सूर्जना गुर्न हाम्रो कर्तव्य हो । यस प्रतिवेदन तयारीमा संयोजन कार्यमा अहोरात्र खटिनुहुने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । वार्षिक प्रतिवेदनमा सृधार गर्नुपर्ने विषयलाई औंल्याई आगामी दिनमा सल्लाह, सुझाव मार्फत प्रतिवेदनलाई परिष्कृत गरी यहाँहरूबीचमा आउने विश्वास समेत लिएको छौ।

प्रतिभा शर्मा
जनस्वास्थ्य अधिकृत

# विषयसूची


जिल्लाको नक्सा.............................................................................................. ३

कार्यालय प्रमुखको सन्देश.................................................................................. ४

सारांश.......................................................................................................... ८

पृष्ठभूमि.........................................................................................................११

प्रतिवेदनको उदेश्य............................................................................................११

**खण्ड १: बागलुङ जिल्ला.............................................................................. 1२**

१.१ जिल्लाको संक्षिप्त परिचय............................................................................१२

१.२ जिल्लाको नामाकरण...................................................................................१२

१.३ भौगोलिक अवस्थिति....................................................................................१३

१.४ जिल्ला स्थित स्थानीय तहहरुको राजनैतिक विभाजन र जनसंख्या विवरण..................१३

१.५ जिल्लामा स्वास्थ्य सेवा..................................................................................१४

**खण्ड २: स्वास्थ्य कार्यालय बागलुङ.............................................................. १५**

२.१ स्वास्थ्य कार्यालयको परिचय...........................................................................१७

२.२ जनशक्ति पदपूर्ति अवस्था...............................................................................१८

२.३ स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण.............................................१८

२.४ नागरिक वडापत्र.......................................................................................... २०

२.५ बागलुङ जिल्ला अन्तर्गत दश स्थानीय तह तथा स्वास्थ्य संयोजकहरुको विवरण........ २०

२.६ बागलुङ जिल्ला अन्तर्गत दश स्थानीयमा रहेका स्वास्थ्य संस्थाको विवरण................२१

**खण्ड ३: आ.व. २०७८/७९ मा स्वास्थ्य कार्यालयबाट संचलान भएका कार्यक्रमहरु........... २८**

३.१ स्वास्थ्य कार्यालयबाट सम्पन्न भएका कार्यक्रमहरु.................................................२८

३.१.१ राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार सम्बन्धि कार्यक्रम............................ २८

३.१.२ महामारी तथा रोग नियन्त्रण कार्यक्रम.............................................................. २८

३.१.३ उपचारात्मक सेवा कार्यक्रम...........................................................................२९

३.१.४ स्वास्थ्य ब्यवस्थापन कार्यक्रम........................................................................ २९

३.१.५ क्षयरोग नियन्त्रण कार्यक्रम........................................................................ २९
३.१.६ एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम.................................. २९
३.१.७ नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कयिक्रम................................................. ३०
३.१.८ अन्य कार्यक्रम.............................................................................................. ३०
३.२ आ.व. २०७८-७९ मा खोप कार्यक्रमको प्रगती अवस्था....................................... ३१
३.३ आ.व. २०७८-७९ मा पोषण कार्यक्रमको प्रगती अस्वथा.................................... ३३
३.४ आ.व. २०७८-७९ मा सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमको प्रगती अवस्था. ३४
३.५ आ.व. २०७८-७९ मा इपिडिमियोलोजि तथा रोग नियन्त्रण कार्यक्रमको प्रगती अबस्था.. ३५

# सारांश

स्वास्थ्य कार्यालय बागलुङको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनले बागलुङ जिल्लामा सञ्चालित स्वास्थ्य कार्यक्रमहरूको प्रमुख उपलब्धिहरूको विश्लेषण र तीन आर्थिक वर्षमा सेवा प्रभावहको प्रवृतिलाई प्रतिविम्वित गर्दछ । यस प्रतिवेदनले बागलुङ जिल्लामा काम गर्ने सबै स्वास्थ्य संस्थाहरूद्वारा प्रदान गरिएका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारा-त्मक र पुनर्स्थापना स्वास्थ्य सेवाहरूको कार्यसम्पादनलाई संकलित र संक्षेपण गरेको छ । यस प्रतिवेदनले जिल्लाको स्वास्थ्य सूचकहरूको अवस्था झल्काउदँछ, साथै समस्या तथा चुनौतीहरु समाधानका लागि चाल्नुपर्ने कार्यहरू सुझाव दिन्छ र थप विश्लेषण र योजनाका लागि मार्गचित्रको जानकारी पनि प्रदान गर्दछ। तसर्थ, प्रतिवेदनले प्रादेशिक स्वास्थ्य प्रणाली बुझ्नको लागि महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

यो प्रतिवेदन तयार गर्न धेरै चरणहरुमा छलफल तथा अन्तरक्रिया गरिएको छ। स्थानीय तहमा समीक्षा बैठक, जिल्लास्तरीय वार्षिक समीक्षा बैठक सम्पन्न गरी सो बैठकबाट प्राप्त विवरण, HMIS बाट उत्पन्न डाटाको आलोचनात्मक विश्लेषण गरि जिल्लाको समषठीगत रुपमा कार्यक्रमगत प्रस्तुतीकरण गरि छलफल र विश्लेषण गरियो।यो प्रतिवेदन तयार गर्न स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS), DHIS-2 सफ्टवेयर, रोग निगरानी प्रतिवेदनहरू, प्रहरी प्रतिवेदनहरू तथा M&E प्रतिवेदनहरूलाई श्रोतको रूपमा लिइएको छ।

बागलुङ जिल्लामा १० स्थानीय तह अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत प्रदेशका नागरिकहरुलाई स्वास्थ्य सेवा पुर्‍याइएको छ । जिल्लामा आ.ब. २०७८/७९ मा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख संस्थाहरुमा ५७ स्वास्थ्य चैकीहरु, २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र (PHCC) र ४ अस्पतालहरु रहेका छन् ।त्यसैगरी यस जिल्लामा सरकारी स्वास्थ्य संस्था अन्तरगत रही २१ आधारभूत स्वास्थ्य सेवा केन्द्र, र १७६ खोप केन्द्र र १९६ मासिक खोप सेसन मार्फत खोप सेवाहरु प्रदान गरिएको छ भने विभिन्न स्वास्थ्य सेवाहरु ९६२ म.स्वा.स्व.से. मार्फत घरदैलोसम्म पुर्याईएको छ।

## बाल स्वास्थ्य कार्यक्रम (Child Health Program)

नेपाल सरकारको पहिलो प्राथमिकतामा रहेको खोप कार्यक्रम यो आर्थिक वर्ष तुलनात्मक रुपले गत आर्थिक वर्ष ०७७/०७८ भन्दा सुधारोन्मुख रहेको छ । गत आर्थिक वर्षको तुलनामा यस आ.व.मा BCG, DPT-HepB-Hib 1st /3rd , MR 1st / 2nd , JE र TD जस्ता

महत्वपूर्ण खोपको कभरेज बढेको छ। त्यसैगरी DPT-HepB-Hib 1st को तुलनामा DPT-HepB-Hib 3rd २ प्रतिशत, MR 1st को तुलनामा MR 2nd र DPT-HepB-Hib 1st को तुलनामा अन्तिम खोप MR 2nd खोप लगाउन ३ प्रतिशत बालबालिकाहरु छुटेको भएतापनि यो सन्तोषजनक रहेको छ ।यस आर्थिक वर्षमा खोप खेर जाने दर MDVP (Multi Dose Vaccine Vial Policy) लागू भएका भ्याक्सिनहरुमा गत आ.व. को तुलनामा DPT-HepB-Hib मा २ प्रतिशत, Bopv मा १ प्रतिशत, PCV मा २ प्रतिशत, TD मा १ प्रतिशत घटेको छ । यसरि हेर्दा तथ्यांक अत्यन्त सुखद रहेको छ र आउँदो आ.व. मा खोपको कभरेज बढाउने र खेर जाने दरलाई अझ घटाउने लक्ष रहेको छ । यसै गरी यस आ.व. मा संचालित टाइफाइड खोप अभियानमा लक्षित समूहको ९७ प्रतिशत र कोभिड-१९ खोप अभियानमा पहिलो श्रृंखलाको पहिलो र दोस्रो मात्रा तथा पूर्ण खोप लक्षित समूहको ७२ प्रतिशतले लगाएका छन ।

## पोषण (Nutrition)

बागलुङ जिल्लामा ०-२३ महिनाका बालवालिका मध्य वृद्धि अनुगमनको लागि ८९ प्रतिशत दर्ता गरिएका छन् , जुन गत आ.व.को तुलनामा ११.६ प्रतिशतले बढेको छ। आ.व. २०७८/७९ मा जिल्ला स्तरमा प्रति बच्चा बृद्धि अनुगमन औषतमा ४.४ पटक रहेको थियो ।त्यसैगरी अनुमानीत गर्भवति मध्ये ५३ प्रतिशत गभर्वति महिलाहरुले १८० चक्की आईरन तथा फोलिक एसिडप्राप्त गरेको देखिन्छ।जुन अघिल्लो वर्षको तुलनामा १३ प्रतिशतले बढेको देखिन्छ । बागलुङ जिल्लामा आ.व.२०७८/७९ मा सुत्केरी अवस्थामा अनुमानित जीवित जन्म मध्ये ३६.१ प्रतिशत सुत्केरी महिलाहरुले ४५ चक्की आईरन तथा फोलिक एसिड (IFA) प्राप्त गरेको देखिन्छ।

## सुरक्षित मातृत्व कार्यक्रम (Safe Motherhood)

यस आर्थिक वर्षमा बागलुङ जिल्लामा गर्भवती महिलाहरुले पहिलो पटक (गर्भको कुनै पनि समयमा पहिलो पटक) ९० प्रतिशतले गर्भावस्थाको परिक्षण गरेको देखिन्छ भने गर्भको चौथो, छैठौ, आठौ र नवौ महिनामा (प्रोटोकल अनुसार)गर्भको परिक्षण गर्ने महिलाहरुको दर ५७ प्रतिशत रहेको पाईन्छ।आ.व. २०७८/७९ मा बागलुङ जिल्लामा ६४% गर्भवतीहरु स्वास्थ्य संस्थामा गई प्रसुती गराएको पाईन्छ । बागलुङ जिल्लामा सुत्केरी पछिको जाँच गर्नेको दर क्रमश बढ्दो क्रममा रही ३१ प्रतिशत पुगेको छ ।

## औलो तथा महामारी नियन्त्रण कार्यक्रम (Malaria & epidemic control Program)

ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको Malaria Micro stratification २०१८(२०२०) को प्रतिवेदन अनुसार बागलुङ जिल्लामा कुनै पनि वडाहरु High risk मा पर्दैनन। मुख्यत बागलुङ जिल्लामा केस शुन्यमा रहेको देखिएको छ भने ८८८ जनामा औलो RDT र माइक्रोस्कोपी जाच गरिएको छ। यसैगरी कालाजारका विरामी संख्या सुन्य छ भने १२ जनामा कालाजारको जांच गरिएको छ।

## क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (Tuberculosis & leprosy Control Program)

आ.व. २०७८/७९ मा कुल १८६ जना क्षयरोग बिरामी र ३७ जना औषधी प्रतिरोध क्ष-यरोगका बिरामीहरु पहिचान भएका छन्। क्षयरोग पहिचान दर (Case Notification Rate-All form) ७४ प्रति लाख जनसंख्या रहेको छ। यसैगरी क्षयरोग उपचार सफलता डर ९४% रहेको छ।

विगतको आर्थिक वर्षहरुको तुलनामा यस आ.व.मा कुष्ठरोगको नयाँ विरामी पत्ता लाग्ने दर (Leprosy New Case Detection Rate) बढेको र ०.२८ पुगेको देखिन्छ ।

## स्वास्थ्य शिक्षा, सूचना तथा संचार (Health Education and Information Center)

यस आ.ब.मा जिल्लामा स्वास्थ्य सम्वन्धी ज्ञान, धारणा र व्यवहारमा सकारात्मक परिवर्तन गर्नका लागि विभिन्न किसिमका जनचेतना जगाउने क्रियाकलापहरु सञ्चालन भएका थिए । यस अन्तरगत सञ्चालित कार्यक्रमहरु मध्ये मुख्य रुपमा स्वास्थ्य शिक्षा सामाग्री वितरण तथा स्वास्थ्य सम्वन्धि सूचनाहरु एफ.एम. तथा टेलिभिजन र पत्रिकाहरु मार्फत प्रदान गरिएको थियो ।

## पृष्ठभूमिः

हरेक नागरिकलाई नेपालको संबिधानले मौलिक हकको रुपमा स्थापित गरेको आधारभूत स्वास्थ्य सेवा देशका जनताले हरेक तहमा प्रत्यक्ष अनुभूति गर्ने गरि गुणस्तरीय स्वास्थ्य सेवा, सबैको पहुँच हुनेगरी पुर्याउनु राज्यको महत्वपूर्ण जिम्मेवारी हरेक क्षण रहन्छ। आफ्ना जिम्मेवारी कार्यन्वयन गर्ने क्रममा विभिन्न चुनौतिहरु जस्तै श्रोत साधान, जनशक्ति ब्यबस्थापन, देशको सामाजिक तथा राजनैतिक अबस्था जस्ता जटिल प्रतिकुल परिस्थितिका वाबजुद पनि राज्यले जनतालाई उपलब्ध गराउने सेवा सुविधाहरु र साधनहरुको अधिकतम प्रयोग गरि स्वास्थ्य सेवाहरु समुदाय स्तरसम्म प्रभावकारी रुपमा प्रवाह गरि रहेको सर्वविदितै छ। यी सबै जिम्मेवारी बहन गर्दै विभिन्न क्रियाकलाप कार्यन्वयन गरिरहदा स्वास्थ्य व्यबस्थापन सुचना प्रणाली मार्फत प्राप्त तथ्यांकको प्रसोधन, विश्लेषण एवं समिक्षाबाट प्राप्त विवरणहरुले जिल्लाको समग्र अबस्था चित्रण गरी आगामी दिनहरुमा स्वास्थ्य कार्यक्रम्हारुको सफल कार्यान्वयन मार्ग प्रशस्त गरोस भन्ने ध्येयका साथ स्वास्थ्य कार्यालय बागलुङले हरेक आर्थिक बर्षमा आफ्नो कामको प्रतिवेदन तयार गर्नु पनि एक महत्वपूर्ण जिम्मेवारी रहेकोले यो प्रतिवेदन तयार पारिएको छ।यस प्रतिवेदनले जिल्लाको केहि विशिष्ट सुचकहरुको आधारमा समग्र स्वास्थ्यको स्थिति, आ.व २०७८-७९ मा सम्पन्न भएका कार्यक्रमको विवरण, समस्या र समाधानका उपायहरुलाई चित्रण गरेको छ जसले आगामी दिनहरुमा अझै उत्कृस्ट तरिकाले कार्यक्रम संचालन गर्न मद्धत पुराउने अपेक्षा गरिएको छ।

### प्रतिवेदनको उदेश्यः

स्वास्थ्य क्षेत्रको राष्ट्रिय उद्देश्य पुरा गर्नका लागि सम्पूर्ण स्वास्थ्य सेवा कार्यक्रमको ब्यवस्थापन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यहरु प्रभावकारी किसिमले सम्पन्न गर्नु पर्ने हुन्छ । नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा प्रभावकारी स्वास्थ्य सेवा र सुविधा उपलब्ध गराउने दिशामा जिल्लामा सञ्चालित कार्यक्रम, नीति वा योजना कार्यान्वयन, अनुगमन र मुल्यांकनका विभिन्न चरणहरुमा तथ्यांकीय सूचनाहरुले महत्वपूर्ण भुमिका खेलेका हुन्छन् । सूचनाको आधार विना लिएका निर्णयहरुले त्यति पूर्णता प्राप्त गर्न सक्दैनन। तर सूचनाको उपलब्धताले मात्रै सबै निर्णय लिन सजिलो हुदैन, त्यसको प्रयोग गर्ने विधि, परिपक्वता र विश्लेषण गर्न सक्ने क्षमता जस्ता विविध पक्षहरुको बारेमा जानकारी पुराउनु आवश्यक छ । त्यसैले हरेक सेवाको क्षेत्रमा सूचनालाई सर्वशक्तिमान उपकरणको रुपमा लिइएको हुन्छ ।सोहि अनुसार जिल्ला स्तरमा धेरै बहुआयामिक क्षेत्रहरु मध्ये अति सम्बेदनशील स्वास्थ्य क्षेत्रको कार्यक्रमहरु सम्बन्धि आ.व २०७८-७९ मा स्वास्थ्य कार्यालय बागलुङ द्वारा भएका प्रगति, चुनौती तथा समाधानका उपायका बारेमा सरोकारवाला सम्पूर्णमा जानकारी प्रदान गर्ने उदेश्यले यो प्रतिवेदन प्रकाशन गरिएको छ।

# खण्ड १: बागलुङ जिल्ला

## १.१ जिल्लाको संक्षिप्त परिचय

झोलुङ्गे पुलको जिल्लाको उपनामले परिचित बागलुङ जिल्ला, झण्डै नेपालको नक्सासँग मिल्दोजुल्दो आकारमा पूर्व–पश्चिम भई फैलिएको छ । नेपाल राज्यको गण्डकी प्रदेशमा रहेको बागलुङ जिल्ला, अक्षांश २८° १५" उत्तर देखि २८° ३७" उत्तर सम्म र देशान्तर करिव ८३° पूर्व देखि ८३° ३६" पूर्व सम्मको बीचमा रहेको छ । यस जिल्लाको सदरमुकाम सुदुर पूर्व कुनामा अवस्थित बागलुङ बजार हो । प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा र रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्युठान र गुल्मी जिल्ला पर्दछन। कुल जनसंख्या २४९,२११ तथा १,७८४ वर्ग कि.मी.को क्षेत्रफलमा फैलिएको यस जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउपालिकाहरु रहेका छन।

## १.२ जिल्लाको नामाकरण

जिल्लाको नाम बागलुङ रहनुमा थुप्रै किम्बदन्तीहरु रहेको पाइन्छ । जस अनुसार संस्कृत भाषामा व्यांघ्रालुनातीति, व्याघ्र = बाघ, लुनातीतिको अर्थ लुञ, अर्थात "ब्याघ्रलुञ" व्याघ्र = बाघ र लुञको अर्थ छेद्रु -काट्नु वा मास्नु हो । कुनै समयमा यस ठाँउमा बाघै बाघहरुको ताँती हुनुको कारण यहाँको जनजीवन अति नै भयावह थियो । यस्तो डरलाग्दो तथा दयनीय अवस्थालाई देखेर त्यस वेलामा मगराती जातिका बलिया व्यक्तिहरुको समूहहरुको सक्रियतामा ती बाघहरुलाई छेद्रे-काट्ने वा मास्ने जस्ता काम गरेका हुँदा बाघहरुलाई मास्ने उद्देश्यले गरेको कार्यको अर्थमा यस ठाउँको नाम "बाघ्रलुञ वा ब्याघ्रलु" रहन गई अपभ्रंश भई बागलुङ रहन गएको मानिन्छ ।

त्यस्तै गरी बाघ प्रचलित खस भाषा हो । "लुङ" को अर्थ लस्कर वा ताँती, पंक्तिवद्ध वा लामको अर्थलाई जनाउँछ । त्यस समयमा बाघहरुको लस्कर लाग्ने थलो भएकोले यस ठाउँको नाम "बाघलुङ" रहन गएको र पछि वागलुङ भएको हो भन्ने भनाई पनि रहेको छ ।

तिब्वती भाषामा "वाग" को अर्थ कहीं केही उठेको खण्ड र "लुङ" को अर्थ कहीं केही मैदान वा समथरलाई बुझाउँछ । यसर्थ "बागलुङ" को भौगोलिक वनावटलाई हेर्ने हो भने कतै उठेको र कतै मैदान वा समथर जमिनको भाग भएकोले पनि यस ठाउँको नाम बागलुङ रहन गएको हो भन्ने प्रष्ट हुन्छ ।

## १.3 भौगोलिक अवस्थिति

| क्र.स | विवरण | मान |
|---|---|---|
| १ | आक्षांस | २८° १५"३७ २८० उत्तरदेखि "उत्तरसम्म |
| २ | देशान्तर | ८३° पूर्वदेखि ८३°३६ पूर्वसम्म |
| ३ | सिमाना | पूर्वमा पर्वत, पश्चिममा रोल्पा र रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्युठान र गुल्मी जिल्ला |
| ४ | क्षेत्रफल | १,७८४ वर्ग किलो मिटर |
| ५ | औषत लम्बाई | ८२,५०० मिटर |
| ६ | औषत चौडाई | २३,८१५ मिटर |
| ७ | भौगोलिक विभाजन | पहाड |
| ८ | सबैभन्दा होचो भाग | खरबाङ बजार ६०० मीटर |
| ९ | अधिकतम तापक्रम | ३७.५ डि.से. न्यूनतम ६.५ डि.से. |
| १० | सरदार वर्षा | २०० मि.ली. वार्षिक |
| ११ | सदरमुकामको उचाई | ९५० मीटर |

## १.४ जिल्ला स्थित स्थानीय तहहरुको राजनैतिक विभाजन र जनसंख्या विवरण

| क्र.स | स्थानीय तह | वडा संख्या | घरधुरी | कुल जनसंख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | बागलुङ नगरपालिका | १४ | १५९२४ | ३००२२ | २६०८० | ५६१०२ |
| २ | काठेखोला गाउँपालिका | ८ | ५८९२ | १२२७० | १०२५६ | २२५२६ |
| ३ | ताराखोला गाउँपालिका | ५ | २३३७ | ५१९८ | ४९२२ | १०१२० |
| ४ | तमानखोला गाउँपालिका | ६ | २६११ | ५३८९ | ४५९३ | ९९८२ |
| ५ | ढोरपाटन नगरपालिका | ९ | ७४८५ | १६१०१ | १३९६७ | ३००६८ |
| ६ | निसिखोला गाउँपालिका | ७ | ५६३५ | १२५५९ | १०५६० | २३११९ |
| ७ | बडिगाड गाउँपालिका | १० | ६७४५ | १५४३९ | १३४०० | २८८३९ |
| ८ | गलकोट नगरपालिका | ११ | ७७१४ | १६२१६ | १४३७२ | ३०५८८ |
| ९ | बरेङ गाउँपालिका | ५ | २९२५ | ६०५६ | ५१०२ | १११५८ |
| १० | जैमिनी नगरपालिका | १० | ६८२८ | १३४०६ | ११२२२ | २४६२८ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

## १.५ जिल्लामा स्वास्थ्य सेवा

नागरिकले पाउने स्वास्थ्य सेवा समग्र जिल्लाको बिकासको एउटा महत्त्वपूर्ण क्षेत्र हो। नगारिकलाई स्वस्थ नबनआउदा सम्म कुनै पनि क्षेत्रको बिकासको अनुमान गर्न सकिदैन। प्रादेशिक स्वास्थ्य प्रणालीले समग्र रुपमा आमा नागरिकको स्वास्थ्य प्रबर्दन, उपचार, रोगको निदान र पुर्नस्थापना सँग सम्बन्धित सबै स्वास्थ्य संस्था, संगठन तथा स्रोतहरु समेटेको हुन्छ । गण्डकी प्रदेश, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मातहतमा रहेर प्रदेशका जनतालाई हरबखत स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न स्वास्थ्यका निकायहरु स्थापित हुदै आफ्ना जिम्मेवारी बहन गर्दै आइरहेका छन। नेपाल सरकारले पांच बर्षभित्र सबै स्थानीय तहमा कम्तिमा १५ शैयाको अस्पताल निर्माण गरी संचालनमा ल्याउने घोषणा गरे संगै यसका लागि हाल पालिका स्तरमा रहेका सम्भावित स्वास्थ्य संस्थालाई स्तरोन्नति गर्ने काम पनि अघि बढ्दै गएको छ।यस बागलुङ जिल्ला भित्र पनि १० वटा स्थानीय तह अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुले नियमित रुपमा स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन।जिल्ला भित्र रहेका स्वास्थ्य संस्थाहरुको विवरण तपशिल अनुसार रहेको छ।

**बागलुङ जिल्लामा रहेका स्वास्थ्य सेवाको विवरण**

| सि. नं. | पालिकाको नाम | जम्मा वडा संख्या | जम्मा स्वास्थ्य संस्था संख्या | | | | | जम्मा खोप केन्द्र | जम्मा मासिक खोप सेसन | जम्मा म.स्वा. स्व.से |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | आधारभुत स्वास्थ्य सेवा केन्द्र | शहरी स्वास्थ्य केन्द्र / सामुदायिक स्वास्थ्य इकाइ | | | |
| १ | बागलुङ नगरपालिका | १४ | २ | ० | ९ | ३ | ८ | ३१ | ४६ | १९७ |
| २ | ढोरपाटन नगरपालिका | ९ | ० | १ | ३ | ५ | ४ | १३ | १६ | ८२ |
| ३ | गलकोट नगरपालिका | ११ | १ | ० | ७ | ३ | २ | २० | २२ | १२७ |
| ४ | जैमिनी नगरपालिका | १० | ० | १ | ८ | ० | ४ | २८ | २८ | १३८ |
| ५ | बरेङ गाउँपालिका | ५ | ० | ० | ५ | ० | ५ | १२ | १२ | ६३ |
| ६ | काठेखोला गाउँपालिका | ८ | ० | ० | ७ | १ | ४ | १८ | १८ | ९३ |
| ७ | तमानखोला गाउँपालिका | ६ | ० | ० | ३ | ३ | १ | ८ | ८ | ३८ |
| ८ | ताराखोला गाउँपालिका | ५ | ० | ० | ४ | १ | १ | ११ | ११ | ५५ |
| ९ | निसीखोला गाउँपालिका | ७ | ० | ० | ४ | २ | १ | १२ | १२ | ६६ |
| १० | बडिगाड गाउँपालिका | १० | १ | ० | ७ | ३ | ६ | २३ | २३ | १०३ |
| **जम्मा** | | **८५** | **४** | **२** | **५७** | **२१** | **३६** | **१७६** | **१९६** | **९६२** |

# खण्ड २: स्वास्थ्य कार्यालय बागलुङ

## २.१ स्वास्थ्य कार्यालयको परिचय

नेपाल संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि संविधानत तीन तहको शासन व्यवस्थाको प्रावधान रहेको छ। गण्डकी प्रदेशका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहसंग समन्वय गर्दै तोकिए वमोजिम स्वास्थ्य सम्बन्धी गतिविधिहरु सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले प्रदेश तहको स्वास्थ्य कार्यालय स्थापना गर्ने निर्णय भए वमोजिम स्वास्थ्य निर्देशनालय मातहतको कार्यालयको रुपमा गण्डकी प्रदेशका सबै जिल्लामा स्थापना भएका स्वास्थ्य कार्यालयहरु मध्यको एक स्वास्थ्य कार्यालय बागलुङ हो। यस जिल्लामा ४ नगरपालिका तथा ६ गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन। गण्डकी प्रदेशमा आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाका साथै स्वस्थ जीवनशैली परिवर्तनका लागि स्वास्थ्य सेवा प्रवाह हुँदै आइरहेको छ । स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि प्रदेश सरकार मातहतमा जिल्लामा स्वास्थ्य कार्यालय, जिल्लास्तरिय अस्पताल र आयुर्वेद स्वास्थ्य औषधालय/जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन् । त्यस्तै, स्वास्थ्य कार्यालयको समन्वयमा जिल्लाका सबै स्थानीय स्तर मातहतमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन् । स्वास्थ्य कार्यालय विशेषतः स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशानुसार कार्यसम्पादन गर्ने निकायको रुपमा रहेको छ ।

**यस कार्यालयको मुख्य जिम्मेवारी निम्न अनुसारको कार्यहरु संचालन गर्ने/गराउने रहेको छः**

- प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसंग समन्वय, सहजीकरण, सहयोग एवं तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वयन गर्ने।
- कार्यक्षेत्र भित्रका जिल्लाहरु तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप, अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरण योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक, वार्षिक) गरि कार्यन्वयन गर्ने।

- जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवथापन, सहजीकरण र समन्वय गर्ने।
- जनस्वास्थ्य अभियान संचालन तथा सहयोग, समन्वय र सहजीकरण गर्ने।
- स्थानीय सरकार र स्वास्थ्य निकायहरु बिच समन्वय गर्ने।
- एकीकृत स्वास्थ्य सुचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवं स्थानीय तहमा सहजीकरण तथा पृष्ठपोषण गर्ने।
- स्वास्थ्य सेवाको पहुँच, उपयोग वृद्धि गर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजीकरण गर्ने।
- सरकारी, निजि, सहकारी द्वारा संचालित स्वास्थ्य संस्थाहरु, कर्मचारीहरुको सुपरिवेक्षण, अनुगमन, नियमन तथा गुणस्तर सम्बन्धी कार्य गर्ने।
- संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने।
- प्रादेशिक विशेष स्वास्थ्य एवं नियमित कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण, परिवार नियोजन, मातृशिशु स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा, विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाइले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरु)को संचालन, समन्वय र सहजीकरण गर्ने।
- वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्धन एवं व्यवस्थापन कार्य गर्ने।
- जनसंख्या व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने।
- बहुक्षेत्रीय समन्वय सहजीकरण सम्बन्धी कार्य गर्ने।
- आन्तरिक प्रशासन (आर्थिक, प्रशासनिक, व्यवस्थापन) सम्बन्धी कार्य गर्ने।

## २.२ जनशक्ति पदपूर्ति अवस्था

प्रदेश सारकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**स्वास्थ्य कार्यालय**

बागलुङ

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | स्वीकृत दरवन्दी | पदपुर्ती | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | ब/जनस्वास्थ्य प्रशासक | ९/१० तह | स्वास्थ्य | हे.ई. | १ | ० | १ |
| २ | ब/जनस्वास्थ्य अधिकृत | ७/८ तह | स्वास्थ्य | हे.ई. | १ | १ | ० |
| ३ | तथ्याङ्क अधिकृत | ७/८ तह | आ.यो.त. | तथ्याङ्क | १ | १ | ० |
| ४ | हेल्थ असिष्टेन्ट वा सो सरह | ५/६/७ तह | स्वास्थ्य | हे.ई. | ३ | ३ | ० |
| ५ | पब्लिक हेल्थ नर्स | ५/६/७ तह | स्वास्थ्य | क.न. | १ | १ | ० |
| ६ | ल्याब टेक्निसियन | ५/६/७ तह | स्वास्थ्य | मे.ल्या.टे. | १ | १ | ० |
| ७ | कोल्ड चेन असिष्टेन्ट | ४/५/६ तह | स्वास्थ्य | हे.ई. | १ | ० | १ |
| ८ | अधिकृत | ६ तह | प्रशासन | लेखा | १ | १ | ० |
| ९ | अधिकृत | ६ तह | प्रशासन | सा.प्र. | १ | १ | ० |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | २ | २ | ० |
| ११ | हल्का सवारी चालक | श्रेणी विहिन | ईन्जिनियर | मे.ई. | १ | १ | ० |
| | **जम्मा** | | | | १४ | १२ | २ |

## २.3 स्वास्थ्य कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| स्वास्थ्य कार्यालय बागलुङमा कार्यरत कर्मचारीको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स | नाम थर | पद | ईमेल | सम्पर्क नं. |
| १ | प्रविण शर्मा | जनस्वास्थ्य अधिकृत | baglungdho@gmail.com | ९८५७६२२७८८ |
| २ | सुरेन्द्रजंग राजभण्डारी | लेखा अधिकृत | rbsuren5@gmail.com | ९८५७६२०५४४ |
| ३ | घनश्याम सापकोटा | तथ्यांक अधिकृत | gs.sapkota28@gmail.com | ९८५७६२२०२५ |
| ४ | देव प्रकाश घिमिरे | क्षयकुष्ठ निरिक्षक | prakashghimire282@gmail.com | ९८५७६२०५१४ |
| ५ | लक्ष्मी शर्मा | जनस्वास्थ्य निरीक्षक | laxmi.acharya866@gmail.com | ९८४६६३५८६६ |
| ६ | डिल्लीप्रसाद आचार्य | ल्याव टेक्निसियन | acharyadilli049@gmail.com | ९८५७६३७०४९ |
| ७ | सिमा कुँवर | पब्लिक हेल्थ नर्स | kunwarshima@gmail.com | ९८५६०७५१७५ |
| ८ | सुरेश शर्मा | अधिकृत छैठौं (प्रशासन) | paudelsuresh1981@gmail.com | ९८५७६२४०१६ |
| ९ | राजु खत्री | खोप सुपरभाइजर | rajukhatri18@gmail.com | ९८५७६२४९१८ |
| १० | कमला थापा | मलेरिया इन्स्पेक्टर | kamalathapa495@gmail.com | ९८४६८१४४९५ |
| ११ | रुद्र बहादुर पराजुली | ह. स. चा | rudraparajuli285@gmail.com | ९८५७६२३३६६ |
| १२ | लिला खत्री | कार्यालय सहयोगी | | ९८४७६३६७६८ |
| १३ | लाल बहादुर के.सी | कार्यालय सहयोगी | | ९८६५०६१५४९ |



नाम: प्रविण शर्मा
पद: जनस्वास्थ्य अधिकृत
मोवाइल: ९८५७६२२७८८
ईमेल: baglungdho@gmail.com



नाम: सुरेन्द्रजंग राजभण्डारी
पद: लेखा अधिकृत
मोवाइल: ९८५७६२०५४४
ईमेल: rbsuren5@gmail.com



नाम: घनश्याम सापकोटा
पद: तथ्यांक अधिकृत
मोवाइल: ९८५७६२२०२५
ईमेल: gs.sapkota28@gmail.com



नाम: देव प्रकाश घिमिरे
पद: क्षयकुष्ठ निरिक्षक
मोवाइल: ९८५७६२०५१४
ईमेल:
prakashghimire282@gmail.com



नाम: लक्ष्मी शर्मा
पद: जनस्वास्थ्य निरीक्षक
मोवाइल: ९८४६६३५८६६
ईमेल:
laxmi.acharya866@gmail.com



नाम: डिल्लीप्रसाद आचार्य
पद: ल्याब टेक्निसियन
मोवाइल: ९८५७६२७०४९
ईमेल:
acharyadilli049@gmail.com



नाम: शिमा कुँवर
पद: पब्लिक हेल्थ नर्स
मोवाइल: ९८५६०७५१७५
ईमेल: kunwarshima@gmail.com



नाम: सुरेश शर्मा
पद: सहायक छैठौं (प्रशासन)
मोवाइल: ९८५७६२४०१६
ईमेल:
paudelsuresh1981@gmail.com





नाम: राजु खत्री
पद: खोप सुपरभाइजर
मोवाइल: ९८५७६२४९१८
ईमेल: rajukhatri18@gmail.com




नाम: कमला थापा
पद: मलेरिया इन्स्पेक्टर
मोवाइल: ९८४६८१४४९५
ईमेल:
kamalathapa495@gmail.com



नाम: रुद्र बहादुर पराजुली
पद: ह. स. चा
मोवाइल: ९८५७६२२३५६
ईमेल:
rudraparajuli285@gmail.com




नाम: लिला खत्री
पद: कार्यालय सहयोगी
मोवाइल: ९८४७६३६७६८
ईमेल: -



नाम: लाल बहादुर के.सी
पद: कार्यालय सहयोगी
मोवाइल: ९८६५०६१५४९
ईमेल: -

## २.४ नागरिक वडापत्र


नागरिक वडापत्र (Citizen Charter)

## २.५ बागलुङ जिल्ला अन्तर्गत दश स्थानीय तह तथा स्वास्थ्य संयोजकहरुको विवरण

| क्र.स | स्थानीय तहको नाम | स्वास्थ्य संयोजकको नाम | इमेल | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | बागलुङ नगरपालिका | राम प्रसाद खनाल | Khanalramprasad7@gmail.com | ९८५७६२०२१७ |
| २ | ढोरपाटन नगरपालिका | केशव थापा | Thapakeshab90@gmail.com | ९८४११८०४५३ |
| ३ | गलकोट नगरपालिका | सुशिल पौडेल | Sushilbalewa123@gmail.com | ९८५७६६४२७४ |
| ४ | जैमिनी नगरपालिका | गोविन्द प्रसाद शर्मा | Acharyagobinda757@gmail.com | ९८४७६२२४२५ |
| ५ | बरेंङ गाउँपालिका | पदम बहादुर पुन | Padam.pun10@gmail.com | ९८६५०६१८१० |
| ६ | काठेखोला गाउँपालिका | रामचन्द्र लामा | Lamaramchandra7@gmail.com | ९८४७६२८७५५ |
| ७ | तमानखोला गाउँपालिका | तिल बहादुर छन्त्याल | Chhantyalb1@gmail.com | ९८५७६२४७७४ |
| ८ | निसिखोला गाउँपालिका | जुनी मगर | nisihealthbranch@gmail.com | ९८६७९४७९१३ |
| ९ | ताराखोला गाउँपालिका | उदित थापा | dhyangeetn@gmail.com | ९८५७६२२९५० |
| १० | बडीगाड गाउँपालिका | विपेन्द्र के.सी | Bijaykc560@gmail.com | ९८५७६७२५६० |

## २.६ बागलुङ जिल्ला अन्तर्गत दश स्थानीयमा रहेका स्वास्थ्य संस्थाको विवरण

| क्र.स | पालिका | वडा न. | संस्थाको नाम | जम्मा कर्मचारी | प्रमुखको नाम | मोबाइल न. |
|---|---|---|---|---|---|---|
| १ | | १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र रामरेखा | ४ | रिता शर्मा | ९८४७६२२१६५ |
| २ | | २ | संस्थागत क्लिनिक | ३ | लक्ष्मि थापा मगर | ९८४७६६३५०५ |
| ३ | | ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र खहरे | ४ | शान्त शर्मा | ९८४७६३९५५६ |
| ४ | | ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र कुडुले | ३ | लक्ष्मि लामिकछाने | ९८४७६३०६२५ |
| ५ | | ५ | मालिका स्वास्थ्य चौकि | ६ | अनिता राजभण्डारी | ९८४७६२९४५५ |
| ६ | | ६ | लहरेपिपल स्वास्थ्य चौकी | ४ | विष्णुनाथ सापकोटा | ९८५७६२२९१२ |
| ७ | बागलुङ | ६ | सहरी स्वास्थ्य केन्द्र सिम | २ | टुल्की देवि सापकोटा | ९८४७६२३३९२ |
| ८ | | ७ | मुलपानि स्वास्थ्य चौकि | ५ | महेन्द्र प्रकाश शर्मा | ९८५७६२४८७१ |
| ९ | | ७ | सहरी स्वास्थ्य केन्द्र हर्राचौर | २ | डेल कुमारी थापा | ९८४७६१४५३२ |
| १० | | ८ | सिगाना स्वास्थ्य चौकि | ६ | भुमिश्वर शर्मा | ९८४७६६१९०१ |
| ११ | | ८ | सहरी स्वास्थ्य केन्द्र बौडेचौर | २ | राजेश शर्मा | ९८६००५५४२६ |
| १२ | | ९ | तित्याङ स्वास्थ्य चौकि | ४ | नारायण प्रसाद पौडेल | ९८५७६२८५७२ |
| १३ | | १० | भकुण्डे स्वास्थ्य चौकी | ४ | उमेश सर्वुजा | ९८५७६२०३१० |
| १४ | | ११ | रायँडाडा स्वास्थ्य चौकी | ५ | केयरसिहं थापा | ९८५७६३०९४० |
| १५ | | ११ | सहरी स्वास्थ्य केन्द्र तमाखुवारी | २ | आशा गैरे | ९८६१७३९१७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | | १२ | अमलाचौर स्वास्थ्य चौकी | ६ | कृष्ण प्रसाद शर्मा | ९८५७६२०५७० |
| १७ | | १२ | सहरी स्वास्थ्य केन्द्र सरङ्गी | २ | भुमिराज शर्मा | ९८५७६३५३२५ |
| १८ | | १३ | बागलुङ नगर अस्पताल | ९ | डा. गरिमा खनाल | ९८४९८३४५४९ |
| १९ | | १३ | सहरी स्वास्थ्य केन्द्र बास्कोट | १ | महेस पौडेल | ९८४७७९४४०९ |
| २० | | १३ | सहरी स्वास्थ्य केन्द्र पैयुँपाटा | १ | रामचन्द्र रिजाल | ९८४७७९७०१६ |
| २१ | | १४ | नारायणस्थान स्वास्थ्य चौकी | ७ | ऋषिराम शर्मा | ९८५७६३७१५० |
| २२ | काठेखोला | १ | पाला स्वास्थ्य चौकी | ५ | ध्रुव के.सी. | ९८६७६३१७१० |
| २३ | | २ | भिमापोखरा स्वा.चौ. | १ | आसिष सापकोटा | ९८६७६४६५०८ |
| २४ | | ३ | धम्जा स्वास्थ्य चौकी | २ | राजेन्द्र महतो | ९८४७६२०४२४ |
| २५ | | ३ | धम्जा सा. स्वास्थ्य ईकाई | १ | धन थापा | ९८४७६६८७३१ |
| २६ | | ४ | तंग्राम स्वा.चौकी | ५ | गणेश प्रसाद शर्मा | ९८५७६२३०७० |
| २७ | | ५ | विहुँ आधारभुत स्वास्थ्य सेवा केन्द्र | १ | कृति पुन | ९८४७६०४३६० |
| २८ | | ६ | विहुँ स्वास्थ्य चौकी | ३ | मायाँ देवी निउरे | ९८४७७२७०३७ |
| २९ | | ७ | रेश स्वास्थ्य चौकी | ४ | सागर शर्मा | ९८६७६२२०२३ |
| ३० | | ७ | रेश सामुदायिक स्वास्थ्य ईकाई | १ | गोविन्द थापा | ९८४७६६०७९५ |
| ३१ | | ८ | लेखानी स्वास्थ्य चौकी | ४ | लक्ष्मी प्रसाद निउरे | ९८४७६२९४७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२ | ताराखोला | १ | अमरभूमि स्वास्थ्य चौकी | ५ | पुष्पा घर्ती पुन | ९८६९०६६७९० |
| ३३ | | १ | अमरभूमि सामुदायिक स्वास्थ्य एकाई | ३ | सुनिता थापा पुन | ९८६१४३०९८२ |
| ३४ | | २ | अर्गल स्वास्थ्य चौकी | ६ | जयन्ति रोका | ९८६७६९४९७४ |
| ३५ | | ३ | हिल स्वास्थ्य चौकी | ७ | नन्दकली घर्ती | ९८६९३३५०१७ |
| ३६ | | ४ | दोगाड्डी आधारभूत स्वास्थ्य एकाई | ३ | मनिका शेर्बुजा | ९८६९५३२४८५ |
| ३७ | | ५ | ताराखोला स्वास्थ्य चौकी | ७ | दल बहादुर पुलिसा | ९८४६९०१४२६ |
| ३८ | जैमिनी | १ | कुश्मिसेरा प्रा स्वा के | १४ | डा सुलभ आचार्य | ९८४३१९७०४२ |
| ३९ | | २ | दमेक स्वास्थ्य चौकी | ४ | हेम कुमार आचार्य क्षेत्री | ९८५७६३१११५ |
| ४० | | ३ | नेपाने शहरी स्वास्थ्य केन्द्र | ५ | भिम बहादुर पुन | ९८४७७२१०९९ |
| ४१ | | ४ | विनामारे स्वास्थ्य चौकी | ६ | अन्जु शर्मा | ९८४७७२२७७७ |
| ४२ | | ५ | सर्कुवा स्वास्थ्य चौकी | ४ | डिल बहादुर थापा | ९८४५४२१४३७ |
| ४३ | | ६ | अर्जेवा स्वास्थ्य चौकी | ५ | अमन पुन | ९८४६९७३५४० |
| ४४ | | ७ | जैदी स्वास्थ्य चौकी | ६ | झलक राज आचार्य | ९८५७६२८७८४ |
| ४५ | | ८ | छिस्ती स्वास्थ्य चौकी | ६ | सुर्य प्रकाश महतारा | ९८४३९२२१०३ |
| ४६ | | ९ | पैयुँथन्थाप स्वास्थ्य चौकी | ४ | लक्ष्मी बहादुर क्षेत्री | ९८४७६३१२३० |
| ४७ | | १० | राङखानि स्वास्थ्य चौकी | ६ | राजेन्द्र थापा | ९८४५४४२५८१ |
| ४८ | | ८ | मर्नास शहरी स्वास्थ्य केन्द्र | ३ | राजु शर्मा | ९८४७७५३७५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९ | | ७ | बाओ शहरी स्वास्थ्य केन्द्र | ३ | अश्मिता शर्मा | ९८४६९०२५०० |
| ५० | | १० | डाडाखानि शहरी स्वास्थ्य केन्द्र | ३ | शुशिला थापा | ९८६७७०९६२० |
| ५१ | बरेंङ | १ | धुल्लुबाँसकोट स्वास्थ्यचौकी | ६ | प्रकाश चालिसे | ९८६२४७२०११ |
| ५२ | | २ | हुग्दिशिर स्वास्थ्यचौकी | ९ | करण कुमार साह | ९७४४२२८२१६ |
| ५३ | | ३ | बाटाकाचौर स्वास्थ्यचौकी | ७ | धर्म प्रकाश थारु | ९८६४८८३४२८ |
| ५४ | | ४ | सल्यान स्वास्थ्यचौकी | ६ | सुनिल के सी | ९८६८०९३६४९ |
| ५५ | | ५ | सुखौरा स्वास्थ्यचौकी | ६ | आयुशा रिजाल | ९८६७६८३००४ |
| ५६ | | १ | गंडेल सामुदायिक स्वा. ई. | २ | राम कुमार खड्ग | ९७४२२८१७८६ |
| ५७ | | १ | लुगरुङ सामुदायिक स्वा ई | २ | लक्ष्मी क्षेत्री | ९८४७६१७२९४ |
| ५८ | | २ | हुग्दिशिर सामुदायिक स्वा ई | ३ | सिर्जना खत्री के सी | ९८६२२४७३२३ |
| ५९ | | ३ | साग्दी सामुदायिक स्वा ई | २ | दिलसरी खत्री | ९८६१०४१६७९ |
| ६० | | ४ | थपलुङ सामुदायिक स्वा ई | २ | सुस्मिता थापा | ९८६६८५६५१० |
| ६१ | बडिगाड | १ | दगातुन्डाडा स्वास्थ्य चौकी | ५ | चन्दा थापा | ९८४०१७७४०६ |
| ६२ | | २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र खर्बाङ | ५ | सुदिप रन्जन यादव | ९८४३५८८७९६ |
| ६३ | | ३ | सिसाखानी स्वास्थ्य चौकी | ५ | भक्त बहादुर श्रीस | ९८६७६८५८८४ |
| ६४ | | ४ | जलजला स्वास्थ्य चौकी | ५ | व्योम नारायण भारी | ९८६७६३३९५१ |
| ६५ | | ५ | ग्वालीचौर स्वास्थ्य चौकी | ७ | शुशिला रेश्मी | ९८६१४६८८९३ |
| ६६ | | ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र खाल | ४ | बेली कुमारी कुवंर क्षेत्री | ९८६८८४१२३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६६ | | ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र खाल | ४ | बेली कुमारी कुवंर क्षेत्री | ९८६८८४१२३४ |
| ६७ | | ७ | भिमगिठे स्वास्थ्य चौकी | ६ | तारा बहादुर घर्ती मगर | ९८४६८२२२६० |
| ६८ | | ८ | रणसिह किटेनी स्वास्थ्य चौकी | ५ | निसा पुन | ९८६६०६२५७५ |
| ६९ | | ९ | दर्लिङ स्वास्थ्य चौकी | ६ | उपेन्द्र बिस्ट | ९८६५५२३५३७ |
| ७० | | १० | आधारभुत स्वास्थ्य सेवा केन्द्र दर्लिङ | ४ | राजिव कुमार सिह | ९८४४११५६७७ |
| ७१ | | ३ | तारान्जा सामुदायिक स्वास्थ्य इकाई | २ | सुमि पुन | ९८४०८०७७६७ |
| ७२ | | ४ | जलजला सामुदायिक स्वास्थ्य इकाई | २ | सुजता कुवर क्षेत्री | ९८६०९००३२६ |
| ७३ | | ५ | ग्वा्वालीचौर सामुदायिक स्वास्थ्य इकाई | २ | दिवा पाईजा | ९८६१२०१७०६ |
| ७४ | | ८ | भिडिखोर सामुदायिक स्वास्थ्य इकाई | २ | पूर्णकली राना | ९८४६९४६६१२ |
| ७५ | | १० | आरुपाता सामुदायिक स्वास्थ्य इकाई | २ | कुल बहादुर थापा | ९८६५१५३३४६९ |
| ७६ | तमानखोला | १ | बोंगादोभान स्वा.चौ | ९ | होम बहादुर घर्ति | ९८४७१७०१०९ |
| ७७ | | २ | नाबाङ आ.स्वा.से.के. | ३ | सन्दिप रावत | ९८६६०५४७७९ |
| ७८ | | २ | बोंगाखानी सामुदायिक स्वा.इ. | ३ | कल्पना के.सी. | ९८६३६३४२८२ |
| ७९ | | ३ | तमान स्वा.चौ. | ५ | शान्ति कुमारी बुढाथोकी | ९८४७६५२७३३ |
| ८० | | ४ | लाम्मेला आ.स्वा.से.के. | ३ | कल्पना घर्ति मगर | ९८६७६२०३०७ |
| ८१ | | ५ | खुँखानी स्वा.चौ. | ६ | गरिमा हर्मेल | ९८६७६४६७०४ |
| ८२ | | ६ | नर्जाखानी आ.स्वा.से.के. | ४ | लक्ष्मी कुमारी छन्त्याल | ९८४७७२६५२१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८३ | ढोरपाटन | १ | बुर्तिबाङ प्रा.स्वा।के | ४५ | डा रचना सुबेदि | ९८४६६१३७१४ |
| ८४ | | २ | रिनाम अधारभुत | ३ | लक्ष्मी पुन | ९८६७६८१३७९ |
| ८५ | | ३ | सामा आधारभुत | २ | बिमाला घर्ति | ९८६०१७६०२१ |
| ८६ | | ४ | खुङगा स्वा.चौ. | ७ | भुमिका मगर | ९८४९६५१३८० |
| ८७ | | ४ | धिरि शहरी स्वास्थ्य केन्द्र | १ | बिल कुमारी बुढाथोकि | ९८४९२२३२७७ |
| ८८ | | ५ | अधिकारिचौर स्वा.चौ. | ७ | शानति पुन | ९८४७७९५४०० |
| ८९ | | ६ | गादिखोला आधारभुत | ६ | ज्ञान कुमारी कुमाई भन्दारी | ९८६१७३९४१८ |
| ९० | | ७ | बुोबाङ स्वा.चौ | ७ | दिपक थापा | ९८४५६९१०६२ |
| ९१ | | ८ | सेराबाङ आधारभुत | ४ | मानसिङ पुन | ९८६६५७८४७२ |
| ९२ | | ९ | लाकुरिबोट आधारभुत | ५ | बिश्वासा कायत | ९८४७६१३७३३ |
| ९३ | | ९ | ढोरपाटन सामुदायिक स्वास्थ्य केन्द्र | ५ | सिता बुढा | ९८६७३६१००६ |
| ९४ | निसिखोला | १ | देविस्थान स्वास्थ्य चौकी | ५ | सुनौला कुमारी बुढा | ९८४११५७४२० |
| ९५ | | २ | अर्नाकोट सा स्वा ई | ४ | बिस्णु कार्की कुवर | ९८०५११६४२७ |
| ९६ | | ३ | बोहरागाउ स्वास्थ्य चौकी | ७ | कसिन्द्र शाही | ९८४७६६६४९५ |
| ९७ | | ४ | थापागाउ आ स्वा से के | ३ | चन्द्रकला घर्ति | ९८६७१९११५१ |
| ९८ | | ५ | निसी आ स्वा से के | ३ | नरमाया बुढा मगर | ९८६७१३८३७३ |
| ९९ | | ६ | निसी स्वास्थ्य चौकी | ५ | नमुना बि क | ९८४८१५५११७ |
| १०० | | ७ | राजकुट स्वास्थ्य चौकी | ६ | गणेश खड्का | ९८६७४११३८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०१ | | १ | दुदिलाभाटी स्वास्थ्य चौकी | ५ | यममया राना | ९८४६५२८५४७ |
| १०२ | | २ | नरेठाटि स्वास्थ्य चौकी | ६ | डिलु प्रसाद सुबेदी | ९८५७६४०८९३ |
| १०३ | | ३ | हटिया स्वास्थ्य चौकी | ८ | मिनराज गैरे | ९८४७६५५५२० |
| १०४ | | ४ | बौरा आधारभूत स्वास्थ्य केन्द्र | ४ | गणेश सुनार | ९८५७६२९३५० |
| १०५ | | ५ | गलकोट नगर अस्पताल | २५ | डा. राजेश पौडेल | ९८५१२१७२०८ |
| १०६ | | 6 | चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्र | २ | देवी पुन | ९८४७६३२११८ |
| १०७ | गलकोट | ७ | मलम स्वास्थ्य चौकी | ५ | अनिता कार्की | ९८५७६३४३११ |
| १०८ | | ८ | काडेबास स्वास्थ्य चौकी | ६ | प्रतिक्षा लाम्टागे | ९८६७२६०९५८ |
| १०९ | | ८ | थालेपोखारा शहरी स्वास्थ्य केन्द्र | १ | बिमला सापकोटा | ९८६७०१८०३२ |
| ११० | | ९ | रिष्मी आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३ | सरिता खड्का | ९८६७६१७१७७ |
| १११ | | १० | पाण्डवखानी स्वास्थ्य चौकी | ७ | रत्न सुनार | ९८४७७४३२१९ |
| ११२ | | १० | रमुवा शहरी स्वास्थ्य केन्द्र | २ | दुर्गा राना | ९८५७६५८९९९ |
| ११३ | | ११ | रिघा स्वास्थ्य चौकी | ७ | लक्ष्मी घर्ति | ९८४७६६८९३७ |
| जम्मा | | | | ५५५ | | |

# खण्ड ३: आ.व. २०७८/७९ मा स्वास्थ्य कार्यालयबाट संचलान भएका कार्यक्रमहरु

## ३.१ स्वास्थ्य कार्यालयबाट सम्पन्न भएका कार्यक्रमहरु

### ३.१.१ राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार सम्बन्धि कार्यक्रम

- राष्ट्रिय तथा अन्तरास्ट्रिय स्वास्थ्य दिवसहरू मनाउने
- स्थानीय आम सञ्चार माध्यमबाट सन्देश प्रसारण (केवुल टेलिभिजन, अनलाइन, एफएम, पत्रपत्रिका)
- पत्रकार अन्तरक्रिया कार्यक्रम

### ३.१.२ महामारी तथा रोग नियन्त्रण कार्यक्रम

- विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँग अन्तरक्रिया तथा स्वास्थ्यकर्मी परिचालन
- राष्ट्रिय औलो उपचार निर्देशिकाको बारेमा सरकारी तथा गैर सरकारी अस्पताल तथा स्वास्थ्य प्रदायक संस्थाहरुलाई जानकारी दिने, औलो नियन्त्रण कार्यको लागी आवश्यक विभिन्न सामानहरु (प्रयोगशालालाई तथा औलो फाँटको लागी आवश्यक अन्य सामानहरु) खरीद गर्ने, समुदायमा आधारित परीक्षणको लागि Selected FCHVs / AHW / ANM लाई तालिम, मोबाइल टोली द्वारा Intensified Case Detection
- विश्व औलो दिवस मनाउने, किटजन्य रोगहरूको परिमार्जित निर्देशिका बमोजिम प्राबिधिकहरूबाट अनुगमन तथा अनसाइट कोचिङ
- कोभिड-१९ खोप अभियान सञ्चालन तथा व्यवस्थापन खर्च (ए.ई.एफ.आई व्यवस्थापन र टिम परिचालन, बैठक, अभिमुखिकरण, जनशक्ति परिचालन, प्रचार प्रसार तथा सामाजिक परिचालन, सुपरिवेक्षण अनुगमन, खोप तथा कोल्डचेन सामाग्री वितरण तथा ढुवानी आदी)
- PEN तालिम, Hypertension, Diabetes, COPD, Cancer Days मनाउने, कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण, Mass Screening and awareness campaign, अकुपेशनल हेल्थ अभिमुखिकरण कार्यक्रम आदि

### ३.१.३ उपचारात्मक सेवा कार्यक्रम

- न्युनतम सेवा मापदण्ड, आँखा,नाक,कान,घांटी तथा मुख स्वास्थ्य सम्वन्धि अभिमुखीकरण तथा आधारभूत स्वास्थ्य सेवा सम्वन्धि अभिमुखीकरण

### ३.१.४ स्वास्थ्य ब्यवस्थापन कार्यक्रम

- स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरू साथै स्वास्थ्य संस्थामा डाटा इन्ट्रि गर्ने कर्मचारीहरुलाइ एल एम आइ एस, एच एम आई एस फारमहरुका बारेमा ओरियण्टेशन
- तथ्यांक गुणस्तर सुधारकालागि स्वास्थ्य कार्यालयबाट स्थानीय तह एवं स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आई एस र डि एच आई एस एस सम्बन्धी अनसाइट कोचिङ
- स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, मासिक बैठक, चौमासिक एवं बार्षिक समिक्षा साथै बार्षिक प्रतिवेदन तयारी समेत

### ३.१.५ क्षयरोग नियन्त्रण कार्यक्रम

- जिल्लास्तर क्षयरोग कोहर्ट विश्लेषण तथा समीक्षा गोष्ठी
- लगत अनुशिक्षणा तथा अनुगमन र विश्व क्षयरोग दिवस मनाउने
- क्षयरोग आधारभूत तथा पुनर्ताजगी तालिम
- औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन
- पुनः उपचारमा दर्ता भएका एवं असहाय तथा गरीब बिरामीहरुलाई उपचार अवधिभर पोषण भत्ता

### ३.१.६ एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम

- नियमित खोपमा टाईफाईड खोप शुरुवात कार्यक्रम
- जिल्लाबाट पालिका तथा स्वास्थ्य संस्थास्तरमा खोप, सरसफाई प्रवद्र्धन कार्यक्रम तथा पूर्ण खोप भेरिफिकेसन र दिगोपनाको लागी सहजीकरण, सुपरिवेक्षण एवम् पूर्ण खोप घोषणा सभा व्यवस्थापन
- गुणस्तरीय खोप सेवा संचालन तथा सरसफाई प्रवद्र्धनमा संलग्न स्वास्थ्यकर्मीको दक्षता बृद्धि गर्न नयाँ तथा खोप तालिम नलिएका स्वास्थ्यकर्मीहरुलाई खोप, कोल्डचेन व्यवस्थापन ,ए.ई.एफ.आई., सर्भिलेन्स र सरसफाई प्रवद्र्धन सम्वन्धि आधारभुत ४

दिने तालिम

- खोपको पहुंच बढाई छुट वच्चालाई खोप दिलाई पूर्णखोप सुनिश्चित गर्न वैशाख महिनालाइ खोप महिना संचालन गर्ने तथा पालिकास्तरमा योजना निर्माण
- टार्ईफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टार्ईफाइड खोप शुरुवातको साथै नियमित खोप सुदढीकरण र सरसफाई प्रबन्धनको
- मातृ तथा नवशिशु कार्यक्रम
- परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम
- सिबिआईएमएनसिआई कार्यक्रम (कोच तयारी र समता तथा पहुँच अभिमुखीकरण, कोचिङ्ग, FBIMNCI क्षमता अभिवृद्धि, ब्यबहार परिबर्तन, सुद्रिढिकरण आदि )

## ३.१.७ नर्सिङ तथा सामाजकि सुरक्षा सेवा र्कायक्रम

- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रम संचालन (आधारभुत तथा पुनर्ताजिगि तालिम संचालन र ससम्मान बिदाई समेत)

## ३.१.८ अन्य कार्यक्रम

- कोरोनाले मृत्यू भएका व्यक्तिका परिवारलाई राहत
- महामारी तथा प्रकोपजन्य अवस्थामा बहुपक्षिय निकायहरुवीच समन्वयत्मक वैठक, RRT परिचालन तथा अभिमुखिकरण कार्यक्रम
- सरुवा रोग (कोभिड १९, क्षयरोग, डेंगु आदि) को केस इन्भेस्टिगेसन तथा कन्टयाक्ट ट्रेसिङ
- प्रदेश भित्रका सबै सामुदायिक विद्यालयहरुमा स्वास्थ्य शिक्षक (स्वास्थ्यकर्मी) हरुका लागि पोषण सम्वन्धी अभिमुखिकरण
- "क" वर्गको पूर्ण अपाङ्गता भएका व्यक्तिहरुका लागि पौष्टिक आहार कार्यक्रम
- एकिकृत स्वास्थ्य कार्यक्रमको स्थानीय तहका स्वास्थ्य संस्थामा स्थलगत अनुशिक्षण
- बैदेशिक रोजगारीमा जाने युवा/युवतीहरुको लागि स्वास्थ्य सचेतनामुलक कार्यक्रम एवं स्वास्थ्य परिक्षण
- एम्वुलेन्स सेवा सञ्चालनका लागि समितिको बैठक, ड्राइभरहरुका लागि अभिमुखिकरण
- स्वास्थ्यकर्मीहरुलाई IHMIS/DHIS2 सम्बन्धी तालीम
- खानेपानी आयोजनाको वातावरणिय लेखाजोखा तथा निशुल्क खानेपानी परीक्षण
- स्थानिय तहको साझेदारीमा उच्च प्रजनन दर भएका एवं परिवार नियोजनका

साधनहरुको पहुँच कम भएका स्थानहरुमा परिवार नियोजनका साधन सहितको सेवा

- स्वास्थ्य स्वयंसेविका भत्ता वितरण
- स्तनपान र पुरक खाना सम्वन्धी परामर्श एवं अभिमुखिकरण कार्यक्रम (विशेष अनुदान)

## ३.२ आ.व. २०७८-७९ मा खोप कार्यक्रमको प्रगती अवस्था

| स्थानीय तह | श्रावण २०७८ देखि आषाढ २०७९ | | | | |
|---|---|---|---|---|---|
| | वि.सि.जि. | डी.पि.टि./ हेप. बि./हिव. (पहिलो) | दादुरा रुवेला (दोस्रो) | टि.डि. (२+) | ड्रप आउट डी.पि.टि./हेप. बि./हिव. (पहिलो) - दादुरा रुवेला (दोस्रो) |
| बागलुङ नगरपालिका | १०८ | ९६ | ९७ | ३७ | -२ |
| काठेखोला गाउँपालिका | ६३ | ८० | ९१ | २५ | -१५ |
| ताराखोला गाउँपालिका | ६६ | ८९ | ८९ | २९ | -३ |
| तमानखोला गाउँपालिका | ६२ | ७१ | ६८ | ३७ | ४ |
| ढोरपाटन नगरपालिका | ९० | ८९ | ७२ | ३० | १९ |
| निसिखोला गाउँपालिका | ७५ | ८७ | ८६ | २९ | १ |
| बडिगाड गाउँपालिका | ७४ | ८३ | ८६ | २९ | -३ |
| गल्कोट नगरपालिका | ७९ | ९२ | ८९ | ३५ | ३ |
| बरेङ गाउँपालिका | ६८ | ८२ | ६८ | २४ | १६ |
| जैमिनी नगरपालिका | ६४ | ९३ | ८७ | ३१ | ६ |
| **बागलुङ जिल्ला** | **80** | **88** | **8५** | **३१** | **3** |

समग्र बागलुङ जिल्लाको खोपको प्रगती अवस्था गत वर्षको तुलनामा सुधारोन्मुख देखिन्छ । बागलुङ नगरपालिका, गल्कोट नगरपालिका र जैमिनी नगरपालिकाको खोपको प्रगतीको अवस्था उच्च र ड्रपआउट न्यून रहेकोले विश्लेषणात्मक आधारमा हेर्दा Cat 1 मा रहेकोले यही उपलब्धी कायम राख्दै अगाडी बढ्नुपर्ने देखिन्छ । त्यसैगरी काठेखोला, ताराखोला, तमानखोला, निसिखोला र वडिगाड गाउँपालिकाको खोपको प्रगतीको अवस्था कम र ड्रपआउट पनि न्यून रहेको हुँदा Cat 3 मा रहेकोले खोपको पहुँच वृद्धि गरी प्रगतीको अवस्थामा सुधार गर्नुपर्ने रहेको छ त्यसैगरी ढोरपाटन नगरपालिका र बरेङ गाउँपालिकाको खोपको प्रगतीको अवस्था कम र ड्रप आउट पनि बढि भएको हुँदा Cat 4 मा रहेको छ । खोप कार्यक्रममा यो अवस्था अत्यन्त

नाजुक मानिन्छ अतः ढोरपाटन नगरपालिका र बरेङ गाउँपालिकाले खोपको पहुँच र उपभोग दुबैमा बृद्धि गरी खोप कार्यक्रममा सुधार गर्नुपर्ने देखिन्छ भने समग्र बागलुङ जिल्लाको खोपको प्रगती र ड्रप आउटको विश्लेषणात्मक अध्ययन गर्दा खोपको प्रगती केही न्यून र ड्रप आउट पनि न्यून रहेकोले Cat 3 मा रहेको छ । यसरी हेर्दा गत वर्षको तुलनामा बागलुङ जिल्लाको खोप कार्यक्रममा केही सुधार भएपनि अझै सेवाग्राही सम्म खोपको पहुँचमा कमि देखिन्छ । त्यसैले बागलुङ जिल्लाले खोप कार्यक्रममा एकातिर समग्र जिल्लाको सूक्ष्म योजना तयार गरी खोपको पहुँचमा अभिवृद्धि गर्नुपर्ने देखिन्छ भने अर्कोतिर पूर्ण खोप दिगोपना सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी बनाई छुट बच्चाहरुलाई खोजी खोजी खोप लगाउनु पर्ने देखिन्छ ।

## ३.३ आ.व. २०७८-७९ मा पोषण कार्यक्रमको प्रगती अस्वथा

| स्थानीय तह | श्रावण २०७८ देखि आषाढ २०७९ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वृद्धि अनुगमन(०-११ महिना) दर | नयाँ वृद्धि अनुगमन (०-११ महिना) मध्ये कम तौल दर | वृद्धि अनुगमन(०-२३ महिना) दर | नयाँ वृद्धि अनुगमन (०-२३ महिना) मध्ये कम तौल दर | औषत वृद्धि अनुगमन (०-२३ महिना) (पटक) | १८० चक्की आइरन फोलिक एसिड प्राप्त गर्ने | भिटामिन ए प्राप्त गर्ने सुत्केरी महिलाको दर | ४५ आइरन चक्की प्राप्त गर्ने सुत्केरी महिलाको दर |
| बागलुङ नगरपालिका | १२९ | २.३ | ११५.५ | ३.६ | ६.१ | ७१ | ५९ | ५६ |
| काठेखोला गाउँपालिका | ११८ | ०.३ | ८२.२ | ०.३ | ४ | ६२ | ५७ | ५३ |
| ताराखोला गाउँपालिका | ९५ | ० | ८६.१ | ०.६ | ७.१ | ५८ | ५१ | ४९ |
| तमानखोला गाउँपालिका | ९४ | ०.५ | ८२.४ | ०.२ | १०.४ | ५७ | ५८ | ४७ |
| ढोरपाटन नगरपालिका | ८९ | ० | ७३.५ | १ | ५.२ | ५६ | ६० | ४४ |
| निसिखोला गाउँपालिका | ८८ | ५.४ | ७९.१ | ४.९ | ४.३ | ५५ | ४८ | ४४ |
| बडिगाड गाउँपालिका | ८६ | ०.५ | ९४.२ | ०.३ | ६.७ | ५१ | ४२ | ३८ |
| गल्कोट नगरपालिका | ८५ | १.१ | ७३.२ | १.३ | ८ | ५१ | ७५ | ३७ |
| बरेङ गाउँपालिका | ८३ | ०.४ | १२७.८ | ०.२ | ४.६ | ५० | ३१ | ३० |
| जैमिनी नगरपालिका | ८० | ०.८ | ८८.१ | ०.८ | ४.६ | २१ | १३ | ९ |
| **बागलुङ जिल्ला** | ९७ | १.५ | ८९.९ | १.८ | ५.८ | ५३ | ४८ | ३७ |

बागलुङ जिल्लाको पोषण कार्यक्रमको तथ्याङ्क हेर्दा अघिल्लो वर्षहरुको तुलनामा प्रगती प्रतिशतमा बृद्दि भएको देखिन्छ। तर तौल लिने नयाँ बच्चाहरुको संख्याको प्रगति राम्रो भएता पनि ०-२३ महिनाका बच्चाहरुको औसत तौल लिने पटकमा भने उलेख्य

प्रगति गर्न सकिएको छैन। यस कार्यक्रम अन्तरगत कुपोषित बच्चाहरुको पहिचान दर बढेको देखिन्छ यो संख्यालाई सहि र समयमा नै व्यवस्थापन गर्न सकिएको खण्डमा प्रतिफल राम्रो हुने कुरा यो तथ्याङ्कले देखाएको छ। यसै गरि गर्भवती तथा सुत्केरी महिलाको आइरन चक्की र भिटामिन ए को प्राप्त गर्नेको संख्यामा पनि अघिल्लो वर्षहरुको तुलनमा प्रगति बृद्दि भएको देखिन्छ, तर तथ्याङ्कको भेरियसन देखिंदा अझै पनि अभिलेख तथा प्रतिवेदनमा समस्या रहेको होकी भन्ने अनुमान लगाउन सकिन्छ।

## ३.४ आ.व. २०७८-७९ मा सुरक्षित मातृत्व तथा परिवार नियोजन कार्यक्रमको प्रगती अवस्था

| स्थानीय तह | श्रावण २०७८ देखि आषाढ २०७९ | | | |
|---|---|---|---|---|
| | कम्तिमा एक पटक गर्भजाँच गर्ने गर्भवती महिला (%) | प्रोटोकल अनुसार चार पटक गर्भजाँच गर्ने गर्भवती महिला (%) | संस्थागत प्रसुति दर (%) | प्रोटोकल अनुसार तीन पटक सुत्केरी जाँच गर्ने महिला (%) |
| बागलुङ नगरपालिका | १०९ | ८० | १४१ | ५३ |
| काठेखोला गाउँपालिका | ७३ | ६० | २९.३ | ५३ |
| ताराखोला गाउँपालिका | ७३ | ६२ | ५२.३ | ४९ |
| तमानखोला गाउँपालिका | ७५ | ५१ | ४८.८ | ३५ |
| ढोरपाटन नगरपालिका | १०६ | ३६ | ७४ | ९ |
| निसिखोला गाउँपालिका | ८३ | ५० | ३६.६ | ११ |
| बडिगाड गाउँपालिका | ८३ | ५५ | ३७.२ | ४१ |
| गल्कोट नगरपालिका | ८८ | ६१ | ५६.१ | ४४ |
| बरेङ गाउँपालिका | ९० | ५१ | ३७.७ | ३१ |
| जैमिनी नगरपालिका | ७९ | ५८ | ३१.३ | ४२ |
| **बागलुङ जिल्ला** | **९०** | **५७** | **६४** | **३१** |

आ.व. २०७८-७९ मा सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत कम्तिमा एक पटक गर्भ जांच गर्ने गर्भवती महिलाहरु ९०% रहेका छन जसमध्ये बागलुङ नगरपालिकामा १०९% छन् भने तमान गाउपलिका र काठेखोला गाउपलिकामा ७३% रहेको छ| प्रोटोकल अनुसार (चौथो, छैठौ, आठौ र नवौ महिनामा) गर्भ जाँच गर्ने गर्भवती महिलाहरु ५७% मात्र रहेका छन| जिल्लाको संस्थागत प्रसूतिको दर ६४% रहेको छ| बागलुङ नगरपालिकामा धौलागिरि अस्पताल (CEONC SITE) रहकोले यहाँको संस्थागत सुत्केरी दर धेरै छ| सुत्केरी पश्चात प्रोटोकल अनुसार तीन पटक (बच्चा जन्मेपछि २४ घण्टा भित्र, ३ दिन र ७दिनमा) सुत्केरी जाँच गर्ने महिला ३१% रहेका छन जुन संस्थागत सुत्केरीको आधारमा न्युन रहेको छ| परिवार नियोजनको प्रयोगकर्ता दर जम्मा २८% रहेको छ|

## ३.५ आ.व. 20७८-79 मा इपिडिमियोलोजि तथा रोग नियन्त्रण कार्यक्रमको प्रगती अबस्था

| स्थानीय तह | श्रावण २०७८ देखि आषाढ २०७९ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | औलोका विरामी जना | औलो RDT र माइक्रोस्कोपि जाचको संख्या | कालाजारका बिरामी जना | Rk39 कालाजार जाच | क्षयरोग नोटिफिकेशन दर (प्रति लाख) | क्षयरोग (new and relapse) उपचार सफलता दर (%) | नयाँ कुष्ठरोग पहिचान दर (प्रति लाख) |
| बागलुङ नगरपालिका | ० | ३०२ | ० | १२ | ३४.३ | ९०.९ | ० |
| काठेखोला गाउँपालिका | ० | १४२ | ० | ० | ४३.५ | ८३.३ | ० |
| ताराखोला गाउँपालिका | ० | १४ | ० | ० | ० | ० | ० |
| तमानखोला गाउँपालिका | ० | ५० | ० | ० | ७०.८ | १०० | ० |
| ढोरपाटन नगरपालिका | ० | ० | ० | ० | ८३.७ | ९५.५ | ०० |
| निसिखोला गाउँपालिका | ० | ० | ० | ० | ९८.७ | ९५ | ० |
| बडिगाड गाउँपालिका | ० | १२८ | ० | ० | १९३.९ | ८७ | ०.३५ |
| गल्कोट नगरपालिका | ० | ५५ | ० | ० | ८१.७ | १०० | ०.९८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बरेङ गाउँपालिका | ० | ९४ | ० | ० | ८०.४ | १०० | ० |
| जैमिनी नगरपालिका | ० | १०३ | ० | ० | ३२.२ | १०० | १.२ |
| **बागलुङ जिल्ला** | **०** | **८८८** | **०** | **१२** | **73.4** | **93.9** | **0.28** |

आर्थिक वर्ष २०७८/०७९  मा बागलुङ जिल्लाका संम्पूर्ण पालिकामा औलो रोगका विरामी ० रहेको छ। जसमा बागलुङ जिल्लाका सम्पूर्ण अस्पताल वा स्वास्थ्य संस्थामा गरि जम्मा ८८८ RTD द्धारा औलो परिक्षण गरिएको थियो । साथै कालाजारको बिरामी संख्या ० रहेको छ र rk39 RDT द्धारा जम्मा १२ जनाको कालाजारको परिक्षण गरिएको थियो ।

क्षयरोगको प्रकोप दर बडिगाड गाँउपालिकामा बढदो रुपमा छ भने जिल्लास्तरमा पनि अघिल्लो आ व मा भन्दा बढी रहेको छ यसलाइ नियन्त्रण गर्न अझै खोज पडतालका काम गर्न स्थानिय तह प्रदेश तथा संघिय सरकारबाट नयाँ कार्यक्रममा जोड दिनु आवस्यक देखिन्छ। पत्ता लागेका क्षयरोगका पनि पिविसी केश देखा पर्नु अझै विकरला अबस्था हो ।

कुष्ठरोग उन्मुलन भनिए पनि फाट्टफुट्ट देखा पर्नु र अझै Disability Grading देखिनुले जनस्वास्थयमा काम गर्नु पर्ने देखिन्छ।